नेपाल सरकार

# नेपाल पशु चिकित्सा परिषद्

(आई. एस. ओ. ९००१:२०१५ प्रमाणित)

प.स.: २०८२।०८३
च.नं.:

मिति२०८३।०३।१६
ने.सं.११४६ तछलाथ्व पुन्हि

## पशु चिकित्सक भनेर बिरालोको शल्य चिकित्सा गर्ने व्यक्तिलाई कारबाहीको लागि सिफारिस गरिएको सम्बन्धी सूचना !!

नेपाल पशु चिकित्सा परिषद्मा दर्ता नभएको लेखनाथ भट्टराई (मोरङ जिल्लाको लेटाङ नगरपालिकाको भनी सामाजिक सञ्जालबाट खुल्न आएको) व्यक्तिले बिरालोको शल्यक्रिया गरी सामाजिक सञ्जालमा राखेर प्रसार समेत गरेको पाइएको र निजले गरेको कार्य नेपाल पशु चिकित्सा परिषद्, २०५५ र मुलुकी अपराध संहिता २०७४ लगायतका कानुन विपरीत रहेकाले निजलाई कानुन अनुसारको कारबाहीको लागि पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् लगायतका निकायलाई अनुरोध गरी पठाइएको ब्यहोरा परिषद्को मिति २०८३।०३।१० गतेको बैठकको निर्णय अनुसार सरोकारवाला सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ। उक्त व्यक्तिले बिरालोको सर्जरी गरी आफ्नो सामाजिक सञ्जालमा राखी "कुकुर अनि बिरालोको जनसङ्ख्या टन्नै भएछ, यो चाहिँ पोथी बिरालो, अनि यसको पाठेघर चाहिँ हामीहरूले निकालेर फाल्दिम यहाँबाट यस्तरी भक्कै पारेर। तपाईंहरूको पनि पाठेघर फाल्नु पर्‍यो भने कुकुर र बिरालोको फोन गर्नुहोला, त्यो स्क्रिनमा हाम्रो नम्बर रहेको छ। ल त।" लेखेको र भविष्यमा समेत यस किसिमका गैह्र कानुनी कार्य गर्ने र आफू जस्तै व्यक्तिलाई यस किसिमका गैह्र जिम्मेवार कार्य गर्न उक्साएकोले यस किसिमको उक्साहटमा नलाग्न सम्पूर्ण सरोकारवाला निकाय तथा पशु पालक किसानहरूलाई परिषद् हार्दिक अनुरोध गर्दछ। नेपाल पशु चिकित्सा परिषद्मा दर्ता नै नभएका व्यक्तिहरूले आफूलाई चिकित्सक तथा विज्ञ भनी किसानहरूलाई झुक्क्याई पशुहरूमा जबरजस्ती सर्जरी गरी पशु कल्याण विरुद्ध कार्य गरिरहेको देखेमा प्रमाण सहित परिषद्को देहायको इमेल वा परिषद्को आधिकारिक फेसबुक म्यासेन्जरमा उजुरी गर्न सकिने व्यवस्था गरिएको छ।

ईमेल: vcn.vcos@gmail.com ; info@vcn.gov.np




२०८३/०३/१६

डा. चन्दा श्रेष्ठ

**रजिष्ट्रार**

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरा मार्ग, त्रिपुरेश्वर, काठमाडौं, नेपाल; पो व नं: २१६५५
फोन: +९७७-१-५३५९१४४/५३६१२१०, फ्याक्स: +९७७-१-५३५९१४४, ईमेल: info@vcn.gov.np, वेबसाइट: www.vcn.gov.np

नेपाल सरकार
# नेपाल पशु चिकित्सा परिषद्
(आई. एस. ओ. ९००१:२०१५ प्रमाणित)


प.स.: २०८२।०८३
च.नं.:

मिति:२०८३।०३।१६
ने.सं.११४६ तछलाथ्व पुन्हि

## पशुको शल्य चिकित्सा गर्ने व्यक्तिलाई कारबाहीका लागि सिफारिस गरिएको सम्बन्धी सूचना !!

विमल ढकाल भन्ने व्यक्तिले आफ्नो फेसबुक (https://www.facebook.com/share/1UL6sHnaKt/) मा राखेको एक भिडियोमा एक व्यक्तिले क्रूरता पूर्ण ढङ्गबाट कुकुरको चारै खुट्टा च्यापी असावधानी पूर्वक शल्यक्रिया गरिएको देखिएको छ। उक्त भिडियोमा पशु पूर्ण रूपमा अचेत नभएको र छटपटाएर चरम पीडा महसुस गरी कराइरहेकोले पशु कल्याणको गम्भीर उल्लङ्घन गरिएको देखिएकोले निज पशुको शल्य चिकित्सा गर्ने व्यक्ति पशु चिकित्सक पनि नभएको र निजले गरेको उक्त कार्य नेपाल पशु चिकित्सा परिषद्, २०५५ र मुलुकी अपराध संहिता, २०७४ लगायतका कानुन विपरीत रहेको ब्यहोरा परिषद्को मिति २०८३/०३/१० गतेको बैठकको निर्णय अनुसार सरोकारवाला सबैको जानकारीको लागि सूचना प्रकाशन गरिएको छ। पछिल्ला दिनहरूमा आफूलाई पशु चिकित्सा वा भेटेरिनरीयन भनी किसानलाई झुक्क्याई पशुको शल्यक्रिया जस्ता विशिष्टीकृत पशु चिकित्सा व्यवसाय गर्ने व्यक्तिहरूका विरुद्ध परिषदमा उजुरीहरू बढ्ने गरेकोले यस किसिमका क्रियाकलापहरू कडाइका साथ नियमन भइरहेको र यस्ता घटनामा भएको वा हुन लागेको जानकारी पाइएमा देहायको इमेल ठेगानामा उजुरी गर्न सकिने र यस्ता व्यक्तिलाई हदै सम्मको कारबाही हुने ब्यहोरा अनुरोध छ।

ईमेल: vcn.vcos@gmail.com, info@vcn.gov.np



२०८३/०३/१६
डा. चन्दा श्रेष्ठ
रजिष्ट्रार

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरा मार्ग, त्रिपुरेश्वर, काठमाडौं, नेपाल; पो व नं: २१६५५
फोन: +९७७-१-५३५९१४४/५३६१२१०, फ्याक्स: +९७७-१-५३५९१४४, ईमेल: info@vcn.gov.np, वेवसाइट: www.vcn.gov.np

नेपाल सरकार

# नेपाल पशु चिकित्सा परिषद्

(आई. एस. ओ. ९००१:२०१५ प्रमाणित)

प.स.: २०८२।०८३
च.नं.:

मिति:२०८३।०३।१६
ने.सं.११४६ तछलाथ्व पुन्हि


## भेटेरिनरी प्रमाणपत्र जारी गर्ने अनाधिकृत व्यक्तीलाई कारवाहीको लागि अनुरोध गरीएको सम्बन्धी सूचना !!

कालिका गाउँपालिका, रसुवामा कार्यरत सहायक पशु विकास अधिकृत बुद्धिनाथ न्यौपानेले मिति २०८३।०२।०३ गते भेटेरिनरी प्रमाणपत्र जारी गरेको सम्बन्धमा यस परिषद्को ध्यान गम्भीर रूपमा आकर्षित भएको छ। निज बुद्धिनाथ न्यौपानेले महामारी रोग नियन्त्रण तथा जनस्वास्थ्य संरक्षण जस्तो संवेदनशील विषयसँग जोडिएको भेटेरिनरी प्रमाणपत्र जारी गर्नका साथै पशु रोग मुक्त रहेको प्रमाणित गरेको पाइएको छ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र ऐ. नियमावली, २०५६ र नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ लगायतका कानुन बमोजिम अधिकार नै नपाएको व्यक्तिले भेटेरिनरी प्रमाण पत्र जारी गरेको सन्दर्भमा आवश्यक अनुसन्धान गरी निज बुद्धिनाथ न्यौपानेलाई कालिका गाउँपालिका र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्लाई कारबाही गर्न पठाइएको ब्यहोरा परिषद्को मिति २०८३/०३/१० गतेको निर्णयानुसार अनुरोध छ। यसरी अधिकार नै नपाएको व्यक्तिले पशुको स्वास्थ्य प्रमाण पत्र जारी गर्दा पशु रोग फैलने र जनस्वास्थ्यमा समेत असर पर्ने भएकाले यस किसिमका गैह्र कानुनी कार्य नगर्न नगराउन हुन सरोकारवाला सबैमा सूचित गरिन्छ।

२०८३/०३/१६

डा. चन्दा श्रेष्ठ

**रजिष्ट्रार**



भेटेरिनरी कम्प्लेक्स, त्रिपुरा मार्ग, त्रिपुरेश्वर, काठमाडौं, नेपाल; पो व नं: २१६५५
फोन: +९७७-१-५३५९१४४/५३६१२१०, फ्याक्स: +९७७-१-५३५९१४४, ईमेल: info@vcn.gov.np, वेबसाइट: www.vcn.gov.np